# ८ महिमाका पहिरणहरु

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* यशैया ३-५, ६:१-८, ५१:६-९, यशैया ६१ र लूका ४:१६-२०।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "म परमप्रभुमा साऱ्है रमाउनेछु। म धेरै आनन्दित छु किनकि म मेरो परमेश्वरको हुँ। उहाँले मलाई उहाँको मुक्तिको लुगा लगाइ दिनुभएकोछ। मानौं त्यो कपडा मेरै हो। उहाँले मलाई धार्मिकताको पोसाकहरूले ढाक्नुभएको छ। बिवाहको निम्ति आकर्षित पोसाक लगाएका बेहुला जस्तै म भएको छु। विभिन्न रत्नहरूले सिँगारिएको बेहुली जस्तै म भएको छु।" ( यशैया ६१:१० रूपान्तरित)।

उज्जियाह, योथाम, आहाज र हेजकिया राजाहरूका शासनकालमा यशैया जीएका थिए। कमसेकम चालिस वर्षसम्म उनले परमेश्वरको बारेमा प्रचार गरे। यशैयाले बाइबलका केहि अत्यन्त आकर्षित तथा प्रभावशाली पदहरू ती वर्षहरूमा लेखेका थिए। उनले लेखेका समयमा आफ्नो देश राजनैतिक, आत्मिक र नैतिक रूपमा अत्यन्त नाजुक, अन्यौल र संक्रमणकाल अवस्थामा गुज्रीरहेको थियो। पापीहरूलाई दिएको चेतावनी र उनीहरूको बिनाशको बारेमा उनको पुस्तक भरिएको छ। तर परमेश्वरले दिनुहुने उद्धार र आशाको विषयवस्तुहरूले पनि यो पुस्तक भरिएको छ। स्पष्ट रूपमा यशैयाले आशा कहाँ छ भनेर इस्रायलीहरूलाई मात्र होइन हामीलाई पनि औँल्याइ दिएका छन्: इस्रायलका पवित्र परमेश्वर। उहाँले नै उहाँका जनहरूलाई स्वतन्त्र गर्नुहुनेछन्। उहाँले तिनीहरूलाई भन्नु हुन्छ, 'म तिम्रो परमप्रभु परमेश्वर हुँ। तिम्रो निम्ति के उत्कृष्ट छ सो म

तिमीलाई सिकाउँदछु। तिमी कुन बाटोमा जानुपर्छ सो बाटोमा म तिमीलाई दोऱ्याउनेछु।'" (यशैया ४८:१७ रूपान्तरित)।

परमेश्वरले पहिराइ दिनुहुने महिमीत धार्मिकता वा पवित्र पोसाक लगाउन र उहाँको मुक्तिलाई ग्रहण गर्न यशैयाले मानिसहरूलाई जोशसाथ आह्वान गरेका थिए। उनको पुस्तकमा वर्णन गरेका लुगाहरू, ढाक्ने पछ्यौराहरू र भाङ्ग्रा अर्थात् शोकका कपडाहरूले संसारका इतिहासमा सबैको निम्ति आत्मज्ञानको पाठ सिकाउँदछन्। चाहे इस्रायलको समयका मानिसहरूलाई होस् वा हाम्रो समयमा होस् यो प्रश्न समयसापेक्षित भएर
खडा भएको छः "के ती लुगाहरू हामीले दावी गरेर लगाउँछौं कि हाम्रै पाप अधर्मलाई पोशाएर लज्नित र नाङ्गो जीवन हामी बिताउन चाहन्छौं?"

## १. बेकारका बलीप्रथाहरू अपनाएर मकहाँ नआओ ! (यशैया १:१०-१७)

इस्रायल देशका दक्षिणमा रहेको यहूदा राज्यको नाजुक आत्मिक अवस्थालाई यशैयाले प्रथम् केहि अध्यायहरूमा चित्रण गरेकाछन्। समय बित्दै जाँदा मानिसहरूले परमेश्वरलाई पिठ्युँ फर्काएका थिए। तिनीहरूले परमेश्वरबाट टाडा हुन रोजेका थिए। प्रायजसो सबैले प्रस्थानको पुस्तकमा उल्लेख गरेका परमेश्वरका आश्चर्यकर्महरूलाई अझै पनि विश्वास गरेका थिए। तर तिनीहरूले यो प्रश्न पनि गरिरहेका होलान्, त्यसबेला जे भयो हाम्रो निम्ति के सरोकार छ त? त्यो केवल इतिहासको पानामा थुप्रिएको बंशावलीमात्र हो। त्यो समसामयीक छैन। यशैयाको पालामा मानिसहरूको जुन् मनस्थिति थियो, त्यहि मनस्थित अहिले पनि भएको पाउँछौं। किन त?

यशैया एकदेखि पाँच अध्यायसम्म सरसर्ती पढ्नुहोस्। त्यस ताकाका मानिसहरूले के गरिरहेका थिए? तिनीहरूको मनस्थिति कस्तो थियो? यशैयाले त्यस्तो गम्भिर चेतावनी किन दिनुपऱ्यो? आजको

चर्चको सन्दर्भमा तुलना गर्दा ती मनस्थिति र चेतावनीहरू किन समयसापेक्षिक हुन गएका छन्?

हुनसक्छ सबभन्दा डरलाग्दो भागचाहिँ यशैया प्रथम् अध्यायमा उल्लेख गरेको पाउँछौं। धर्मको नाउँमा चलाएका रितिथितिहरूप्रति परमेश्वर वाक्क भएको यशैया एक अध्यायमा पाउँछौं। परमेश्वरको उपसाना गर्ने र उहाँका भक्त हौं भनेर तिनीहरूले दावी गरेका थिए। तर तिनीहरूको पूजाआजा तथा देखावती धार्मिक विधिहरूको बारेमा परमेश्वरले के भन्नुहुन्छ, हेर्नुहोस्: यशैया १:११-१५?

परमेश्वर सदा दयालु र करुणामय हुनुहुन्छ। सकेसम्म सबैको उद्धार गर्न उहाँ प्रयत्नशील हुनुहुन्छ। हामीले मुक्तिको जीवन बिताउन् भनेर परमेश्वरको सदिच्छाको प्रमाण क्रुस सगरमाथाको रूपमा सधैं खडा भइरहेको छ। परमेश्वरले आफ्ना जनहरूलाई आफूतिर फर्कन आह्वान गर्नुभएको र तिनीहरूमा आउने बिपत्तीबाट बच्न उपायहरू यशैया प्रथम् केहि अध्यायहरूमा पाउँछौं।

हामीले परमेश्वरको उपसाना कसरी गर्दछौं? जब तपाईं परमेश्वरको आराधना गर्नुहुन्छ त त्यसबेला तपाईंले के सोचीरहनुहुन्छ? हात्तीको दाँत जस्तै तपाईंको धर्म कत्तिको देखावटी छ र कत्तिको हृदयदेखि शुद्ध मनले उपासना गर्नुहुन्छ? त्यसको भिन्नता तपाईंले कसरी थाहा पाउने?

## २. अशुद्ध ओठ (यशैया ६:१-८)

यशैयाको युवाअवस्थामा यहूदाको चित्रण कस्तो अत्यन्त गम्भिर र डरलाग्दो थियो भनेर अघिल्लो अध्यायमा हेऱ्यौं। अनि त्यस संक्रमण तथा यहूदा देश पतित अवस्थामा गुज्रिरहेको बेलामा परमेश्वरले यशैयालाई भविष्यवक्ता अर्थात् उहाँको संवाददाताको रूपमा बोलाउनु हुन्छ। यो ईसापूर्व ७४०को ताकाका कुरो हो। यसबेला इस्रायलका राजा उज्जियाहको मृत्यु भएको थियो। सुरूमा उज्जियाह राजा अत्यन्त असल थिए तर बिस्तारै बिस्तारै परमेश्वरबाट टाडा भएर पतित भएका

थिए (२ इतिहास २६)। अन्तमा कोढ रोग लागेर भयानक तरिकाले उज्जियाको मृत्यु भयो। त्यसै समयमा यशैयालाई परमेश्वरबाट शक्तिशाली दर्शन मिलेको थियो र त्यहिँबाटै उनले आफ्नो सेवाकार्य सुरू गरेका थिए।

जब परमेश्वरले यशैयालाई आफ्नो भविप्यवक्ता अर्थात् सवाददाता हुन बोलाउनुभयो तब उनले कस्तो जवाफ दिए? हेर्नुहोस्: यशैया ६:१-८। यशैयाको प्रतिक्रिया कस्तो थियो? हाम्रो मुक्तिको योजनालाई बुझ्न यशैयाको प्रतिक्रियालाई आत्मसात् गर्न किन महत्व छ?

पद ५लाई ध्यान दिएर पढ्नुहोस्। आफ्नो कमीकमजोरीको सामु परमेश्वरको शक्ति र महानतालाई दाँजेर यशैयाले जवाफ दिएका थिएनन्। यस संसारमा मानिसको छोटो जीवनसँग तुलना गर्दै परमेश्वरको अनन्त जीवनसँग पनि उनले तुलना गरेनन्। तर उनको जवाफमा मानिसको अन्धकारमय आत्मिक स्थितिको भण्डाफोर गरिएको थियो। “परमेश्वर लामो पोसाक लगाएर मन्दिर भरेको" यशैयाले आफ्नो दर्शनमा देखेका थिए (यशैया ६:१)। परमेश्वरको पवित्रतालाई आफ्नो पापसँग तुलना गर्दा आफू कत्तिको गिरेको रहेछ भनेर उनको मनमा छाप परेको थियो। आफ्नो समस्या अरू केहि नभएर आत्मिक समस्या हो भनेर उनले महशूस गरेका थिए। आफ्नो पतित स्वभाव र पापले गर्दा आफू नाश हुन्छु भनेर पनि उनले बुझेका थिए। यशैया “अशुद्ध ओठ भएको मानिस" थियो (पद ५)। त्यसकारण परम् पिता सनातनका परमेश्वरको प्रतिनिधित्व गरेर बोल्न उनी कसरी सक्षम् भए त?

त्यस समस्याको समाधान के हो त?

आफ्नो पापलाई स्विकार गरेपछि उनले आफ्नो जिवनशैलीलाई सत्य रूपमा कसरी फनक्क फर्काए भनेर देखाउन स्वर्गदूतले उनको ओठ छोएका थिए। उक्त प्रतिकले यशैयाको आत्मिक, मानसिक र शारिरीक परिवर्तन भएको थियो भनेर देखाउँदछ। परमेश्वरमा अब

उनले नयाँ जीवन वा पुनर्जीवन पाएका थिए। हृदयदेखि उनी कसरी परिवर्तन भएका थिउ भनेर यशैया ८ले बताएको छ । उनले मार्मिक क्रन्धनद्वारा शुद्धभएको ओठले आवाज निकाल्दछ, “म यहाँ छु, मलाई पठाउनुहोस्।" आफ्नो पापहरू क्षमा भएकोमा यशैया विश्वस्त थिए। आफ्नो दर्शनमा देखेको परमेश्वरको धार्मिकता र पवित्रतामा विश्वास अर्थात् आस्था राख्दै अब उनी अघि वढ्न तयार भए।

यशैयाको दोष परमेश्वरले हटाइ दिनुभएको थियो। उनको पापलाई क्षमा गरिएको थियो। यसको तत्कालिन फलचाहिँ परमेश्वरको बोलहतलाई स्विकार गर्न उनी राजी भएका थिए। “हाम्रो निम्ति को जानेछ?" भनेर परमेश्वरको बुलन्द आवाजलाई यशैयाले फूर्तिसाथ आफू जान सहस्र स्विकार गरे। तपाईंको हृदय परिवर्तन भएपछि तपाईंले कस्तो खालको फल देखाइरहनुभएको छ, सोच्नुहोस्।

## ३. नफाप्ने लुगा (यशैया ५१:६-८)

यशैयाले परमेश्वरको न्यायको बारेमा चेतावनी दिन्दै धेरै समय प्रचार बिताएको हामीले अघिल्लो अध्यायहरूमा पढेका थियौं। तर केवल चेतावनीमात्र नदिइ परमेश्वरबाट पाइएको प्रोत्साहित तथा प्रेरणादायी प्रतिज्ञाहरूलाई पनि मिसाउँदै उनले प्रचार गरेका थिए। परमेश्वरले पृथ्वीलाई नाश गरेपछि उहाँको प्रतिज्ञाको प्रतिक्षामा रहनेहरूलाई उहाँले के गर्नुहुनेछ भनेर पनि यशैयाले आफ्नो प्रचारको क्रममा इस्रायलीहरूलाई जनाउ दिएका थिए। तर ती इस्रायली जनताहरूका हृदय कठोर भएको कारणले उनीहरूको कष्टकर समयमा पनि परमेश्वरले विभिन्न आश्चर्यकर्महरूद्वारा अगुवाइ गर्नुभएको कामलाई बिर्सेका थिए।

यशैया ५१:६-८मा परमेश्वरले मानिसहरूलाई के सन्देश दिइरहनुभएको हामी पाउँछौं? यहाँ के भिन्नताहरूलाई स्पष्ट पारिएका छन्? के आश्वासन पनि समावेश गरिएकाछन्?

लुगाफाटा सजिलैसँग र छिट्टै फाट्दछन् वा पुरानो भएर झोत्रो हुन्छन् भन्ने कुरा कसलाई थाहा छैन र? यो कुरा सर्वबिदितै छ। जतिसुकै महँगो वा दामी भएतापनि लुगा कालान्तरमा काम नलाग्ने भएर जान्छ। यस पृथ्वी र यस पृथ्वीमा रहेका मानिसहरूको गति पनि त्यही हो। हामी कति छिटो छौं र कति चाँडो हामी जान्छौं ! हाम्रो जीवन वाफ वा कुइरो जस्तो छ भनेर नयाँ करारका लेखक याकूबले तुलना गर्दछन् (याकूब ४:१४)। बिलायतको नजिक रहेका वेल्स द्विपका कवी डायलन थोमासले मर्न लागेको आफ्नो बुबालाई यसरी ढाढस दिन्छन्: “मृत्युको असल रातसँग नरम भएर नजानुहोस् तर मर्न लागेको ज्योतिसँग लड्नुहोस्, भिंड्नुहोस्।" बाँच्नको निम्ति जतिसुकै भिंडन् खोजेपनि वा प्रयास गरेपनि ढिलो वा चाँडो लुगा जस्तै हामी ओइलिनेछौं।

परमेश्वरले उपलव्ध गराउनु हुने मुक्ति, उहाँको धार्मिकता वा असल जीवन र येशूको धार्मिक पोसाकको बारेमा यशैयाले छलफल गरेको पाउँछौं। हामीले पाउने मुक्ति हाम्रो अथक प्रयासद्वारा होइन तर येशूको धार्मिकताले हो। यो मुक्ति क्षणिक नभएर सदासर्वदाको निम्ति हो। मानिसको जीवनको निम्ति केवल दुईवटा मात्र बाटोहरू छन् भनेर परमेश्वरले औंल्याइरहनुभएको हामी पाउँछौं। मानिसले कुनै मध्यम मार्ग रोज्न सक्दैनः अनन्त मृत्यु वा नयाँ पृथ्वीमा अनन्तको जीवन। लुगाफाटा जस्तै नफात्ने लुगा परमेश्वरले दिनुहुने अनन्त जीवन हो (यशैया ५१:६ रूपान्तरित)। यो जीवन नखुइलिकन रहनेछन्। आदम र हवाको पालोदेखि येशूको दोश्रो आगमन नहुँञ्जेल यस संसारमा मानिसलाई निर्धारण गर्ने केवल दुई भाग्यहरूमात्र छन्: अनन्तको मृत्यु र अनन्तको जीवन। त्यसको विकल्प अरू छैन। अनन्तको मृत्युमा जाने वा अनन्तको जीवनमा जाने, यो आत्मनिर्णयको अधिकार प्रत्येक व्यक्तिलाई नै सुम्पिएको छ।

जे ठीक वा उचितमा हिंड्ने र हृदयमा परमेश्वरको व्यवस्थालाई आत्मसात् गर्नेको निम्ति यशैया ५१:७को सन्देश हो।

वर्तमान युगमा त्यसको अर्थ हाम्रो निम्ति के हो त? परमेश्वरको व्यवस्था वा दश आज्ञालाई हाम्रो हृदयमा राख्दा जे कुरा उचित, न्यायसङ्गत वा ठिकलाई हामीले कसरी पहिचान गर्नसक्छौं? जे कुरा ठिक छ सो जानेरमात्र के हामीले ठिक काम गर्न र सत्यवादी हुनसक्छौं र? अरू केहि चाहिन्छ र? सत्यम् मार्गमा हिंड्न सक्षम् बन्न हामीलाई चाहिने के हो त?

## ४. गौरवमय पोसाकहरू (यशैया ५२)

जब हामी पुरानो करारका पुस्तकहरू पढ्छौं तब त्यहाँ बिनाश र नैराश्यताका चेतावनीहरू यत्रतत्र छरिएका पाउँछौं। यसले हामीलाई सहजै रूपमा दिक्क बनाउन सक्दछ। बाइबलका आलोचक, नास्तिक र शङ्काका भुमरीमा रमाउनेहरूले ती कुराहरूलाई औंल्याउन अत्यन्त रमाउँछन् र यसरी तर्क गर्दछन्: "यस्तो तर्साउने परमेश्वरलाई कसले पूजा गर्न चाहन्छ र? के नकरात्मक भावनाले प्रेरित भएको परमेश्वरलाई हामी प्रेम गर्न सक्छौं र? "

तर जसरी गुलाफको बोटको काँडा होइन बरू गुलाफ हेर्नुपर्छ भने झैं परमेश्वरका वचनहरू सोचबिचार गरेर अध्ययन गर्नुपर्छ। प्रायजसो बिनाशबाट छुट्कारा वा राहत दिन परमेश्वरले अग्रिम चेतावनी हुन्छ। हो, परमेश्वरको बिद्रोह गर्ने वा उहाँबाट तर्किने र उहाँले दिनुभएको जीवनलाई सार्थकता बनाउने निर्देशन अर्थात् आज्ञाहरू पालन नगर्दा बिनाशको बाटोमा गइन्छ नै। तर  हरदम मानिसहरूलाई यस्तो दुर्गतीमा नपरोस भनेर परमेश्वरले आह्वान तथा जिकिर गरिरहनुभएको हामी पाउँछौं: मुक्ति, धार्मिक जीवन र सुरक्षा कवच उपलव्ध भइरहेका छन्। तिनीहरूलाई आफ्नो बनाउन वा आत्मसात् गर्न केवल हामीले परमेश्वरको नाउँमा दावीमात्र गर्न आवश्यकछ।

यशैया ५२ अध्यायमा हामीलाई के सन्देश दिइएको छ? त्यसबाट हाम्रो लागि के आशा पल्हाइरहेकाछन्? मानिसहरूलाई "गौरवमय अर्थात् महिमाको पोसाकहरू लगाउन्" भन्नुको अर्थ के हो?

पश्चाताप गर, आज्ञाकारी होऊ र मुक्तिमा सहभागी होऊ भनेर उहाँका जनहरूलाई आह्वान गरिरहेको यहाँ फेरि पाउँछौं। "गौरवमय अर्थात् महिमाका पोसाकहरू" भनेको धार्मिक जीवन यापन गर्ने अदृष्य पोसाकहरू हुन्। परमेश्वरलाई समर्पण गर्ने, विश्वासद्वारा जीउने र उहाँका आज्ञाहरूलाई बफादारीसाथ पालन गर्ने सबैलाई ती पोसाकहरूले ढाक्दछन्। यो त्यत्ति सरल छ। अदनको बँगैचादेखि आजसम्म मानिसहरूलाई, केवल उहाँमा विश्वास गरेर र उहाँका आज्ञाहरूलाई आत्मसात् गर भनेर परमेश्वरले आह्वान गरिरहेको हामी पाउँछौं।

यशैया ५२ अध्याय कसरी अन्त हुन्छ र त्यसपछि के आउँछ भन्ने कुरा अत्यन्त चासोको विषय हो। परमेश्वरले पहिराउनुहुने महिमित तथा महान् सुन्दर पोसाक आफ्ना जनहरूले लगाउन् भनेर यशैया ५२मा आह्वान गरिएको छ भने यशैया ५३ अध्यायमा मानिसको निम्ति येशूले गर्नुभएको त्याग तथा बलिको बारेमा उत्कृष्ट परिभाषा हाम्रो अगाडि प्रस्तुत गरिएको छ। पुरानो करारमा येशूको बारेमा यो भविष्यवाणी सगरमाथाको रूपमा खडा भइरहेको हामी पाउँछौं। येशूको मृत्युले नै महिमाका पोसाकहरूको चाहना गर्नेहरूलाई ती पोसाकहरू उपलव्ध गराइएका छन्। पापले ल्याएका सम्पूर्ण बिनासबाट राहत र मुक्ति पाउन येशूको जीवन र मृत्युलाई आत्मसात् गर्नुपर्छ त्यसको बिकल्प अरू छैन।

मुक्ति हाम्रो अधिकार होइन तर बरदान हो भनेर यशैया ५२:३ले औंल्याएको छ। धर्म, कर्म, परोपकारी कार्य, दानी भएर वा अथक प्रयास गरेर यो मुक्ति हामीले स्वःत उपलव्ध गर्न सक्दैनौं न त किन्न नै सक्छौं। "परमेश्वरले भन्नुहुन्छ, 'जब तिमीहरूले दास बन्न आफूहरूलाई बेच्यौ त कसैले पनि त्यसबाट छुट्कारा दिन मोल तिरेन। अहिले तिमीहरूलाई स्वतन्त्र बनाउन कसैले पनि तिम्रो मोल तिरीदिनेछैन।'" (रूपान्तरित)। यो सत्य हो, बिनासित्ति हामी हाम्रा आत्माहरूलाई बेच्दछौं। कसलाई भन्दा यस संसारका थोकहरूका निम्ति र फाट्ने लुगा जस्ता संसारको निम्ति। यसले गर्दा हामी

समस्याका चक्रव्युहमा परिरहेका हुन्छौं। यस समस्याबाट हामी आफैले निकासा दिनसक्दैनौं। कुनै अथक प्रयासद्वारा हामी त्यसबाट छुट्नसक्दैनौं। हामी केवल परमेश्वरको अनुग्रहले मात्र मुक्ति पाउन सक्छौं। क्रुसमा येशूले गर्नुभएको अचम्मको बलिले परमेश्वरको अनुग्रहलाई देखाइएको छ।

## ५. मुक्तिका पोसाकहरू (यशैया ६१)

लूका ४:१६-२०मा बाइबलका अत्यन्त लोकप्रिय पदहरू देखापरेको हामी पाउँछौं। यहाँ आफ्नो गाउँको सिनिगग अर्थात् आराधनास्थलमा उभिएर यशैया ६१ येशूले पढ्नुभएको थियो। र ती श्रोताहरूलाई छक्क पर्ने गरेर उहाँले भन्नुभएको थियो, "आज यस धर्मशास्त्रमा लेखिएको भविष्यवाणी जब तिमीहरूले सुनिरहेकाछौं तब तिमीहरूको सामु पुरा भइरहेको छ।" (लूका ४:२१ रूपान्तरित)।

यशैया ६१ सरसर्ती पढ्नुहोस्। यस अध्यायको मूल विषयवस्तु के हो? यहाँ कस्तो खालको सुसमाचार दिइएको छ? नयाँ करारमा यशैया ६१को कुन् विषयवस्तुहरूलाई उदृध गरेर प्रचार गरिएकाछन्? उदाहरणमा पद ५ पढ्नुहोस्।

यशैया ६१का पदहरू अत्यन्त सौन्दर्य भावनाहरूले भरिएकाछन्। यस पुरानो करारमा लिखित वचनहरू यस्ता धेरै प्रतिकहरू छन् जुन् नयाँ नियमका भागहरू पनि हुन पुगेका थिए। एउटा रमाइलो उदाहरणमा हामीले पद १०लाई लिन सक्दछौं: "परमेश्वरमा हामी अत्यन्त रमाउनेछौं। हामी परमेश्वरको मातहतमा हुनपाएकोले नै हामी आनन्दित हुन्छौं। लुगाहरूले झैं उहाँले हामीलाई मुक्तिले पहिराउनुभएको छ। उहाँले हामीलाई उहाँको ईश्वरिय पोसाक ओढाइ दिनुभएको छ। बिवाहको लागि सजिएको बेहुला झैं हामी सजिएकाछौं। अनगिन्ति रत्नहरूले सिँगारिएको दुलही झैं हामी सिँगारिएकाछौं।" (रूपान्तरित)।

"मुक्तिको बरदान सिद्ध छ, आँशिक रूपमा होइन तर पूरो छ। विश्वास गर्ने प्रत्येक व्यक्तिको खातामा येशूको अनन्त धार्मिकता वा पवित्र जीवन राखिदिनुभएको छ। पश्चाताप गर्ने र येशूमा आस्थावान भइरहने व्यक्तिलाई स्वर्गको तानमा बुनिएको अत्यन्त मूल्यवान र दागरहित पोशाक वा रोब उपलव्ध गराउनुभएको छ। र उसले भन्न सक्छः 'परमेश्वरमा अत्यन्त हर्ष मनाउँछु। मेरो परमेश्वरमा मेरो आत्मा उल्लाससाथ आनन्द मनाउँछन्। मुक्तिका कपडाहरूले मलाई उहाँले ओढाई दिनुभएकोछ। उहाँको धार्मिकताको पोसाकले मलाई सजाई दिनुभएको छ (यशैया ६१:१० रूपान्तरित)।'"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्,* बुक १, पृ. ३९४बाट रूपान्तरित।

हिब्रू भाषामा "आफूलाई सजाएको" भन्ने क्रियापदको अर्थ "पुजारीको काम गर्ने" हो। यथार्थमा सबै परमेश्वरका जनहरूलाई बुझाउन यो नयाँ करारको भविष्यवाणी हो। तिनीहरूलाई मुक्तिको लुगाहरू लगाइ दिएकाछन् र पुजारीहरूले जस्तै तिनीहरूले काम गर्नेछन्। तर तिनीहरू पुरानो करारका पुजारी जस्तै परमेश्वर र मानिसको मध्यष्थ गर्न होइन, न त येशू जस्तै। बरू तिनीहरू अरूको निम्ति परमेश्वरको दया, शदाशयता, अनुग्रह र मुक्तिको गवाही भएर उभिने सक्षम् बनाइनु हो।

यशैया ६१ फेरि पढ्नुहोस्। यस अध्यायमा उल्लेखित पदहरूमा के प्रतिज्ञाहरू तपाईंले आत्मसात् गर्न सक्नुहुन्छ? तपाईंमा ती प्रतिज्ञाहरू पुरा हुन र तपाईंको निम्ति हुन तपाईंको जीवनशैलीमा के परिवर्तन ल्याउनुपर्दछ?

## उपसंहारः

<u>थप जानकारीः</u> एलेन जी ह्वाइटद्वारा लिखित यी सामग्रीहरू पढ्नुहोस्ः *क्राईष्ट अबजेक्ट लेसनस्,* पृ. २०६, २१०को "लस्ट एण्ड फाउण्ड", *प्रोफेटस् एण्ड किंगस्,* पृ. ६६८को "इन्स्ट्रक्टेड इन द ल अभ गड" *द*

*डिजायर अभ एजेज्*, पृ. ७५४को “क्यालभरी", *द ग्रेट कन्त्रोभर्सी*, पृ. ४६०को “ए वर्क अव रिफोरम।"

“सेतो सफेद पोशाक भनेको शुद्ध हृदय हो। यसको अर्थ पापीहरूलाई दिइएको ख्रीष्टको धार्मिकता वा पवित्रता हो। स्वइच्छाले आज्ञाकारी भएर जीवनशैली अपनाउन चाहनेको निम्ति स्वर्गमा बुनिएको वास्तविक कपडा उहाँले किनिदिनुभएको हो।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च*, ठेली ४, पृ. ८८बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. यशैयाको प्रारम्भिक अध्यायहरूमा परमेश्वरको आराधना गर्ने विषयलाई लिएर प्रस्तुत गरिएका कुराहरूलाई सोच्नुहोस्। परमेश्वरको निम्ति सत्य उपासना पनि अश्विकार्य हुन सक्दछ। हामीले आज कस्तो खालले परमेश्वरको उपासना वा आराधना गर्नुपर्छ जसले गर्दा त्यसलाई उहाँले ग्रहण गर्नुहुन्छ? के आराधाना वा भक्तिभाव चढाउने आफैमा समस्या हो कि वा अरू कुनै?

ख. यशैया ६१:३मा के भनिएको छ? यहाँ उल्लेखित प्रतिज्ञाहरूलाई हामीले कसरी आत्मसात् गर्ने?

ग. लेखक डेलामोर श्वार्टजले एउटा छोटो कथा लेख्नुभएको छ। अमेरिकाको न्यु योर्क शहर जाडोको मौसममा अत्यन्त हिंउ पर्दछ। एक दिन ती हिंउहरूले शहरको विभिन्न स्थानहरूमा सुन्दर शालिकहरू बनिएका थिए। सारा मानिसहरू यो देखेर अचम्म माने। सारा सहर नै उल्लसित भएको थियो। एक जना मानिस ती मुर्तीहरू देखेर यती आकर्षित भएकि उनले आफ्नो काम पनि छोडे। आफ्नो काम छोडेर

उनले केहि पनि गरेन तर ती हिंउले बनेका शालिकहरूलाई हेरेर बसे। अरू कुनैबाट नपाएको जीवनको अर्थ र उद्देष्य ती मुर्तीहरूबाट उनले पाएको भान भइरहेको थियो। कथालाई यसरी निरन्तरता दिइएको छ, अनि फोहर वर्षा त्यहाँ हुन्छ र रातभरीमा सबै शालिकहरू पग्लेर जान्छन्। ती शालिकहरू गायब भए र त्यहाँका मानिसहरूको दिनचर्या पहिलेको जस्तै सुचारू भयो। त्यस कथामा भएको व्यक्ति कि त लडे वा रेलको अगाडि उफ्रेर मरे। यसरी त्यस कथाको अन्त्य भयो। संसारमा भएका थोकहरूलाई आफ्नो आस्था वा आशा राख्दा कस्तो निराश हुने रहेछ भनेर यस कथाले हामीलाई सिकाउँदछ। यो संसार लुगाफाटा झैं फाटेर वा च्यातेर जानेछ। तपाईंकै जीवनमा यस संसारका थोकहरूले कसरी सहजसाथ निराश पारेका थिए भन्ने कुरालाई सोच्नुहोस्। ती अनुभवहरूबाट तपाईंले के सिक्नुभयो?